


# गोपनीयताबारे बुझ्न जरुरी

*नेपालको संविधान, २०७२ को धारा २८ ले गोपनीयताको हकलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको देखिन्छ । कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानुन बमोजिम बाहेक अनतिक्रम्य हुनेछ भनेर संविधानमा व्यवस्था गरिएको देखिन्छ। त्यसैगरी संविधानमा प्रत्याभूत गोपनीयताको हकलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न वैयक्तिक गोपनीयता सम्बन्धी ऐन २०७५ र वैयक्तिक गोपनीयता सम्बन्धी नियमावली २०७७ पनि जारी गरी लागू भइसकेको देखिन्छ। यी ऐन र नियमावलीले व्यक्तिगत सूचना, दस्तावेज, पत्राचार, तथ्यांक वा चरित्र आदिको गोपनीयता राख्न पाउने अधिकार सुनिश्चित गरेको भए पनि यसले सबै क्षेत्र तथा पक्षलाई र तथ्यांक संरक्षणको व्यवस्थालाई आवश्यक र पर्याप्त रूपमा समेट्न नसकेको अवस्था देखिन्छ ।*

*गोपनीयताको हकसम्बन्धी व्यवस्था अन्य कानुनहरू जस्तै मुलुकी अपराध संहिता, २०७४ र संगठित अपराध निवारण ऐन, २०७० मा पनि व्यवस्था गरिएको देखिन्छ। कानुनले गोपनीयता सम्बन्धी उल्लेखनीय रूपमा व्यवस्था गरिदिए पनि यसको कार्यान्वयन भने फितलो रहेको देखिन्छ । अहिले आम मानिस न त आफ्नो गोपनीयताको हकमाथि सचेत छन् न त अन्य नागरिकको माथि। मिथ्या समाचार र सूचनाको पछि लागेर कुनै पनि प्रमाणीकरण बिना नै सामाजिक सञ्जालमा आफ्ना तर्क र बेतर्क राख्न हतारिन्छन् जस्ले गर्दा उनीहरू स्वयम् र अन्यलाई पनि कानुनी तरोवरमा तानिन्छन् जानेर होस् या नजानेर होस। यसकारण सबै नागरिकलाई गोपनीयता के छ, यसको कानुनी व्यवस्था के रहेका छन, के गरी गोपनीयता भंग हुन्छन, यसको अधिकारलाई कसरी कार्यान्वयन गर्न सक्छौं भन्ने सामान्य जानकारी सबैमा नागरिकहरुमा हुन आवश्यक रहेको देखिन्छ ।*

# आकाशे पानीको भरमा खेतीपाती गर्दै आएका किसान पानी नपरेका कारण चिन्तित

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, २५ आषाढ**



सप्तरीमा एक महिना यता पानी परेको छैन । आकाशे पानीको भरमा खेतीपाती गर्दै आएका किसान पानी नपरेका कारण चिन्तित बनेका छन्। असार बित्न लाग्दा पनि पानी नपर्दा धानबाली लगाउने आशमा बसेका किसानहरु चिन्तित बनेका हुन् । बोरिङ र मोटरको प्रयोगबाट सिँचाइ गरेर रोपिएको खेतमा धान सुक्न थालेका छन् भने आकाशे पानीको भरमा बसेका किसानहरुको बेर्ना पनि खेतमै सुक्न थालेको छ ।

पानी नपर्दा खेतमा लगाएको बेर्ना पनि सुक्न थालेको बताउनुहुन्छ रुपनी गाउँपालिका-४ का किसान धनिचन्द मण्डल । उहाँले पानीको लेयर घटेका कारण बोरिङ र मोटरको प्रयोगबाट सिँचाइ गरेर पनि धानबाली लगाउन सम्भव नदेखिएको बताउनुभयो । “वर्षाको भरमा खेती गर्दै आएको हुँ, अहिले वर्षा नहुँदा धान रोपाइँ गर्न सकिएको छैन भने बेर्ना सुक्न थालेको छ,” मण्डलले भन्नुभयो। अर्का किसान रामरतन यादवले खेतमा रहेको बोरिङमा मोटर लगाएर सिँचाइ गरी पाँच कठ्ठा जति खेतमा रोपाइँ गरेको तर पानी नपर्दा लगाइको बाली पनि सुकिरहेको बताउनुभयो । सप्तरीमा धेरैजसो किसान आकाशे भरमा खेती गर्दै आएका छन्। यहाँ कुल ८१ हजार ६ सय ६८ हेक्टर खेती योग्य जग्गा छ।

जसमध्ये ६८ हजार हेक्टरमा धान रोपाइँ हुँदै आएकोमा वर्षा नहुँदा अहिलेसम्म दस प्रतिशत मात्र धान रोपाइँ भएको कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख किसुनदेव राउतले जानकारी दिनुभयो । “सप्तरीमा अहिलेसम्म दस प्रतिशत जग्गामा धान रोपाइँ भएको छ, पर्याप्त वर्षा नहुँदा जसोतसो रोपाइँ गरिएको खेतमा धान सुक्न थालेको छ” राउतले भन्नुभयो। समस्याको घेरमा रहेका यहाँका किसानहरुलाई कहिले श्रमिकको समस्या, कहिले मलखाध त कहिले र बिउ बिजनको अभाव झेल्दै आएका छन् । किसानलाई वैकल्पिक सिँचाइको समुचित व्यवस्था भए कृषि उत्पादनमा पनि वृद्धि हुने किसानहरुको भनाइ छ ।

# देशभर बाढी, पहिरो र चट्याङका घटनाहरू बढ्दै



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २५ आषाढ**

यस वर्षको मनसुन सक्रिय भएसँगै देशभर बाढी, पहिरो र चट्याङका घटनाहरू बढ्दै गएका छन् । मौसम विज्ञान विभागले यस वर्ष अघिल्ला वर्षहरूको तुलनामा अत्यधिक वर्षा हुने पूर्वानुमान गरिसकेको छ।

त्यसैका आधारमा हिमाली तथा पहाडी जिल्लाहरूमा हालसालै अत्यधिक वर्षा भई ठूलो जनधनको क्षति भएको समाचार आइरहेका छन् । यस सन्दर्भमा बर्दिवास नगरपालिकाले नगरक्षेत्रभित्र नदी तटीय तथा बाढी-पहिरोको जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण नगरवासीलाई सतर्क रहन अपिल गरेको छ । नगरपालिकाले सावधानी अपनाउनका लागि आवश्यक सुझावसमेत सार्वजनिक गरेको छ। नगर प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारीद्वारा जारी सूचनामा भनिएको छ।




## तपाईको टुडे

मेष: मनमा पछुतो आउने
वृष: विचार गरेर बोल्नुहोला
मिथून: अनावश्यक खर्चको संभावना
कर्कट: अनावश्यक चिन्ता
सिंह: अशुभ समाचार प्राप्त हुने
कन्या: पिछडेको साथी मिल्ने
तुला: पढाईमा ध्यान दिनुपर्ने
वृश्चिक: आम्दानी हुने
धनु: खानपानमा समस्या आउने
मकर: मित्रतामा फाटो आउने
कूम्भ: लामो यात्राको योग छ
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# चीनसँगको आर्थिक सम्बन्ध पुन: सन्तुलन गर्न ईयूले प्रयास गर्ने

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २५ आषाढ



युरोपेली सङ्घ (ईयू) ले यस महिनाको शिखर सम्मेलनमा युरोपेली कम्पनीहरूका लागि बजार पहुँच सहज बनाउन र दुर्लभ खनिज तत्वहरूमाथिको निर्यात नियन्त्रण कम गर्न चीनसँगको आर्थिक सम्बन्धलाई पुन: सन्तुलनमा ल्याउने प्रयास गर्ने भएको छ।

ईयूका उर्सुला भोन डेर लेयनले मंगलबार यसबारे जानकारी दिइन्। उनले युक्रेनमा रुसको युद्ध प्रयासलाई चीनले दिएको समर्थन र अत्यधिक उत्पादन क्षमताका चिन्ताहरू पनि चिनियाँ नेता सी जिनपिङसँगको वार्तामा उठाइने बताइन् । स्ट्रासबर्गमा युरोपेली संसद्लाई सम्बोधन गर्दै भोन डेर लेयनले बेइजिङले 'मानवजातिको इतिहासमा सबैभन्दा ठूलो व्यापार अधिशेष' ईयूमा विशाल मात्रामा निर्यात गरिरहेको र युरोपेली कम्पनीहरूलाई चीनमा व्यापार गर्न गाह्रो बनाएको बताइन्। "यदि हाम्रो साझेदारी अगाडि बढ्ने हो भने, हामीलाई वास्तविक पुनर्सन्तुलन, कम बजार विकृति, चीनबाट निर्यात गरिएको कम अधिक क्षमता र युरोपेली व्यापारका लागि निष्पक्ष, पारस्परिक पहुँच चाहिन्छ," उनले सांसदहरूलाई भनिन्।

बेइजिङले महाशक्ति प्रतिद्वन्द्वी संयुक्त राज्य अमेरिकाको प्रतिकारका रूपमा ईयूसँग सम्बन्ध सुधार गर्न खोजेको छ, तर तिनीहरूको आर्थिक सम्बन्धमा गहिरो मतभेद रहेको छ।

# आजका लागि विदेशी मुद्राको विनिमयदर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २५ आषाढ




नेपाल राष्ट्र बैङ्कले आजका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैङ्कका अनुसार अमेरिकी डलर एकको खरिदर १३६ रुपैयाँ ८२ पैसा र बिक्रीदर १३७ रुपैयाँ ४२ पैसा कायम भएको छ।

युरोपियन युरो एकको खरिदर १६० रुपैयाँ ५४ पैसा र बिक्रीदर १६१ रुपैयाँ २४ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिदर १८५ रुपैयाँ ७९ पैसा र बिक्रीदर १८६ रुपैयाँ ६१ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १७१ रुपैयाँ ६६ पैसा र बिक्रीदर १७२ रुपैयाँ ४१ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ८९ रुपैयाँ ५४ पैसा र बिक्रीदर ८९ रुपैयाँ ९३ पैसा, क्यानेडियन डलर एकको खरिदर १०० रुपैयाँ २५ पैसा र बिक्रीदर १०० रुपैयाँ ६९ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०७ रुपैयाँ ०२ पैसा र बिक्रीदर १०७ रुपैयाँ ४९ पैसा निर्धारण गरिएको छ। जापानी येन १० को खरिदर नौ रुपैयाँ ३४ पैसा र बिक्रीदर नौ रुपैयाँ ३८ पैसा, चिनियाँ युआन एकको खरिदर १९ रुपैयाँ ०७ पैसा र बिक्रीदर १९ रुपैयाँ १६ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ४८ पैसा र बिक्रीदर ३६ रुपैयाँ ६४ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ५४ पैसा र बिक्रीदर ३७ रुपैयाँ ७१ पैसा कायम भएको छ।


## एचआइभीबाट बचौं

***एचआइभीका लक्षणहरु :***
-ज्वरो आउनु
-पखाला लाग्नु
-वजन घट्नु
-जनै खटिरा आउन सक्छन्
-कुपोषणका लक्षणहरू देखिनु
-छालाका विभिन्न समस्या आउनु
-मुख तथा घाँटीमा काई (सेतो) आउनु
-दाँत वा गिजाका समस्याहरू
-खोकी वा स्वास फेर्न गाह्रो हुनु
-चाँडै थकाइ लाग्नु वा कमजोरी हुनु आदि

***यसरी सर्दैन :***
-लामखुट्टेले टोकेर
-एउटै लुगाफाटो प्रयोग गर्दा
-चुम्बन गर्दा
-सँगै पौडी खेल्दा
-बिरामीको स्याहार सुसार गर्दा
-परिवारमा सँगै बस्दा
-एउटै भाँडामा खाना खाँदा
-हाच्छ्यूँ गर्दा, खोक्दा
-एउटै चर्पी प्रयोग गर्दा

***एचआइभी सर्ने माध्यम :***
-असुरक्षित यौनसम्पर्कबाट
-एचआइभी संक्रमित रगत, रगतबाट बनेका पदार्थ तथा अंगहरु लिंदा
-सुई तथा सिरिन्जको साझा प्रयोगबाट
-संक्रमित आमाबाट बच्चामा



***बच्ने उपाय :***
- सुरक्षित यौन व्यवहार अपनाउने
-सधैं सही तरिकाले कन्डमको प्रयोग गरी यौनसम्पर्क राख्ने
-सुई तथा छाला छेड्ने औजार नयाँ मात्र प्रयोग गर्ने वा निर्मलीकरण गरेर प्रयोग गर्ने
-एचआइभी संक्रमित महिला गर्भवती नहुने
-यौनरोगको लक्षण देखापरेमा तुरुन्त उपचार गर्ने
-आफ्नो यौनसाथीलाई पनि उपचार गराउने
-अंग प्रत्यारोपण गर्नुपरेमा सम्बन्धित व्यक्तिलाई संक्रमण भए/नभएको कुरामा विशेष ध्यान पुऱ्याउने
- रगत दिंदा सो रगत संक्रमण भए/नभएको पक्का गर्ने ।

अनुरोधकर्ता
**स्वास्थ्य कार्यालय**
जलेश्वर,महोत्तरी, मधेश प्रदेश


# 'माग्ने राजा'को पहिलो गीत 'त्यो मिठो जोवन' सार्वजनिक

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २५ आषाढ




हास्य कलाकार केदार घिमिरे (माग्ने बुढा) र अभिनेत्री वर्षा सिवाकोटीको मुख्य भूमिका रहेको फिल्म 'माग्ने राजा'को पहिलो गीत 'त्यो मिठो जोवन' सार्वजनिक गरिएको छ। डान्सिङ नम्बरको रूपमा तयार गीतमा दीपक शर्माको शब्द, संगीत छ भने स्वर रचना रिमाल र सविन सुवेदीले दिएका छन्।

गीतको भिडियोमा केदार र वर्षा फिचर्ड छन् । कविराज गहतराजको कोरियोग्राफी गीतमा छ । मित्र डी गुरुङ सम्पादक रहेको फिल्म नरेन्द्र मैनालीले खिचेका हुन्। मधुसुदन शर्माले निर्माण गरेका फिल्मका निर्देशक ऋषि लामिछाने हुन् । लामिछाने यसै फिल्मबाट ८ वर्षपछि निर्देशनमा कमब्याक गरेका हुन्। निर्देशक लामिछानेले 'माग्ने राजा'ले अहिले अवस्थामा आफैलाई राजाको रुपमा प्रस्तुत गर्ने युवापुस्ताको कथा देखाउने बताए।

यो फिल्मका प्रस्तुतकर्ता तथा निर्माता मुनाल घिमिरे पनि लामो समयपछि निर्माणमा फर्केका छन्। उनी हाल दाङको घोराही उपमहानगरपालिका वडा नम्बर ४ का वडा अध्यक्ष समेत हुन्। आरम्भ प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्ममा केदार र वर्षासहित पुष्कर गुरुङ, शिशिर वाङ्देल, शारदा गिरी र टिकटकर मोडल पवित्रा साकी उर्फ मिस पवीको अभिनय छ।

फिल्ममा अभिनेता आर्यन सिग्देलको पनि विशेष भूमिका रहेको छ। आरआर फिल्मस्ले वितरण गर्ने फिल्ममा नरेन्द्र मैनालीको छायांकन, सामीप्य राज तिमल्सेनाको कथा, पटकथा तथा संवाद र दीपक शर्मा बाबुल गिरीको संगीत रहेको छ।

# मुम्बई र चेन्नईलाई उछिन्दै आरसिबी बन्यो आईपीएलको 'मोस्ट भ्यालुएबल टिम'

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २५ आषाढ



इन्डियन प्रिमियर लिग (आईपीएल) टिम रोयल च्यालेन्जर्स बेंगलुरु (आरसिबी) सबैभन्दा मूल्यवान फ्रेन्चाइज बनेको छ। आरसिबीको ब्रान्ड मूल्य हाल २६९ मिलियन डलर पुगेको छ, जसले चेन्नई सुपर किंग्स र मुम्बई इन्डियन्सलाई उछिनेको हो।

बेंगलुरुले यस सिजन आईपीएलको उपाधि पहिलोपटक जितेको थियो। सन् २०२५ को आईपीएलले पनि व्यापारिक मूल्य र ब्रान्ड मूल्य दुवैमा उल्लेखनीय वृद्धि गरेको छ। लगानी बैंक हुलिहान लोकीले प्रकाशित गरेको प्रतिवेदन अनुसार आईपीएलको कुल व्यापारिक मूल्य १३ प्रतिशत बढेर १८.५ अर्ब डलर पुगेको छ भने ब्रान्ड मूल्य १४ प्रतिशतले बढेर ४ अर्ब डलर पुगेको छ। ब्रान्ड भ्यालु अनुसार मुम्बई अहिले २४२ मिलियन डलरसहित दोस्रो स्थानमा छ भने तेस्रो स्थानमा चेन्नईको २३५ मिलियन डलर छ। चौथोमा कोलकाता नाइट राइडर्स २२७ मिलियन डलरसहित रहेका छन्। प्रतिवेदनले आईपीएललाई 'ग्लोबल फिनोमेनन' को रूपमा चित्रण गर्दै यसले खेल, मनोरञ्जन र व्यापारलाई जोड्ने प्लेटफर्मको रूपमा काम गरिरहेको बताएको छ। यस सिजनको विज्ञापन आम्दानी झण्डै ५००० करोड रुपैयाँ पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा ५० प्रतिशतले बढी हो।

संगठित आर्थिक मोडेल, सीमित तलब खर्च (प्रति टिम १२० करोड) र बलियो मिडिया अधिकारको कारणले आईपीएल विश्वकै सबैभन्दा लाभदायक खेल लिगहरूमध्येमा पर्न थालेको छ। रिपोर्ट अनुसार शीर्ष फ्रेन्चाइजहरूले वार्षिक रूपमा ६५०-७०० करोड रुपैयाँ कमाउने गर्छन्। आईपीएलले विश्वभर छोटो फर्म्याटका लिगहरू सुरु गराउने प्रेरणा दिएको र आधुनिक क्रिकेट तालिकामा समेत परिवर्तन ल्याएको बताइएको छ। यसको अन्तर्राष्ट्रिय पहुँच, डिजिटल भ्युअरशिप र नगद प्रवाहका कारण अब विश्वका ठूला लगानीकर्ताहरू पनि आईपीएलमा रुचि देखाउन थालेका छन्।





अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी,मधेश प्रदेश,नेपाल

# बिना कसुरको दण्ड सजाय चिकित्सकलाई स्वीकार्य छैन




-उपभोक्ता अदालतले चिकित्सकीय अभ्याससम्बन्धी पछिल्ला मुद्दामा सुनाएको फैसलाले नेपाल मेडिकल काउन्सिलको क्षेत्राधिकारमाथि हस्तक्षेप भएसँगै देशभरको चिकित्सक आन्दोलित छन्। नेपाल चिकित्सक संघको आह्वानमा १७ असारदेखि कालोपट्टी बाँधेर सेवा दिएका चिकित्सक सोमबारदेखि आकस्मिक बाहेकका सेवा रोकेर न्यायको संघर्षमा जुटेका छन्।

कानुन संशोधन मार्फत चिकित्सकीय मुद्दा हेर्ने अधिकार मेडिकल काउन्सिलमा मात्रै सीमित गरिनुपर्ने मुख्य माग चिकित्सकहरूको छ। उपभोक्ता अदालतको फैसलाले निष्ठापूर्वक विरामीको उपचारमा संलग्न रहँदै आएका चिकित्सकहरू माथि घोर अन्याय गरेको छ। म आफैं एक चिकित्सक भएको नाताले यो महसुस गर्न सक्छु। सेतो कोटलाई आत्मसम्मान, निष्ठा र जिम्मेवारीको प्रतीक मानेर हामी चिकित्सा पेसा होमियौं। उसै पनि, चिकित्सकमाथिका श्रृंखलावद्ध हमला र प्रहारका कारण अहिले हामी चरम निराशाको अवस्थामा छौँ। चिकित्सकीय लापरबाहीको घटनामा डाक्टर कानुनी दायरामा आउनैपर्छ, तोकिएको सजाए व्यहोर्नैपर्छ भन्नेमा कुनै पनि चिकित्सकको विमति छैन। तर, सबै प्रकृतिका घटनालाई चिकित्सकीय लापरबाहीको डालोमा हालेर चिकित्सकलाई मानसिक रूपमा विक्षिप्त बनाउने कार्य चिकित्सकलाई स्वीकार्य हुँदैन। कुनै पनि विरामीलाई परिवारले चिकित्सकको जिम्मा लगाएपछि निको पार्दै परिवारको जिम्मा लगाउने जिम्मेवारीमा चिकित्सक तल्लीन हुन्छ। हाम्रो समाजमा डाक्टरलाई भगवान पनि भनिन्छ। यस सद्भाव, माया र विश्वासप्रति समाजसँग हामी अनुग्रहित छौँ। समाजले के कुरा बुझिदिनुपर्ने हुन्छ भने हामी अन्तरयामी होइनौं। विरामीलाई नियाल्दैमा हामीले उसको सम्पूर्ण रोग थाहा पाउँदैनौं। उनीहरूको रोग यकिन गर्न श्रृंखलावद्धरूपमा परीक्षण जरूरी हुन्छ। त्यो परीक्षणको रिपोर्टको आधारमा हामीले विरामीको उपचार गर्छौं। कहिलेकाहीँ एउटा रोगको उपचार गर्दै जाँदा विरामीमा अकस्मात अर्को जटिलता निम्तिन्छ। यस्तो अवस्थामा समेत चिकित्सकीय लापरबाहीको व्याख्या गर्दै चिकित्सकलाई यातना दिने काम भइरहेको हुन्छ। सबै प्रकृतिका घटनालाई चिकित्सकीय लापरबाहीको डालोमा हालेर चिकित्सकलाई मानसिक रूपमा विक्षिप्त बनाउने कार्य चिकित्सकलाई स्वीकार्य हुँदैन। अस्पतालमा विरामी आएपछि परीक्षण गरेर उपचार सुरू गर्दा बीचमै अरू जटिलता पनि आइपर्दछन्। कहिलेकाहीँ अज्ञात वा लुकेका रोगले पनि उपचारका क्रममा विरामीको निधन हुनपुग्छ। कतिपय अवस्थामा चिकित्सकले दिएको सुझाव विरामीका पक्षले नमानेका कारणले पनि विरामीको निधन हुनपुग्छ। वास्तविकता बुझ्नुभन्दा अघि नै चिकित्सकको लापरबाहीले विरामीको मृत्यु भयो भन्दै भीडले अस्पताल तोडफोड गर्छ। चिकित्सकमाथि दुर्व्यवहार गर्छ। सामाजिक रूपमा बदनाम गराउँछ। यस्ता गतिविधिले चिकित्सकहरू बैरागिँदै गएका छन्।

उपभोक्ता अदालतको फैसलाले चिकित्सकलाई झनै मारमा पारेको छ। चिकित्सकले लापरबाही गरेको पुष्टि गर्ने निकायबाट त्यसको पुष्टि भएमा जरिवाना र अन्य सजाए भोग्न कोही चिकित्सकको विमति हुँदैन। वैज्ञानिक र प्राविधिक विषय रहेकाले यसको जाँचबुझ पनि त्यही विधिबाट चिकित्साशास्त्रमा पारंगत व्यक्तिबाट हुने हो। उनीहरूले निष्पक्ष जाँचबुझ नै गरेका हुन्छन्।

लापर्बाही गरी विरामीको ज्यान लिएर पेसाको बदनामी गराउनेहरूप्रति उनीहरूको कुनै पनि सहानुभूति हुँदैन। भोलि अर्को परीक्षणबाट जाँचबुझ गर्नेहरूले पक्षधरता देखाएको पुष्टि भएको खण्डमा उनीहरूको लाइसेन्ससम्म खारेज हुनसक्छ। यस्तो अवस्थामा मेडिकल काउन्सिलबाट भएको जाँचबुझको प्रतिवेदन विरामी पक्षका मानिसलाई चित्त नबुझ्दैमा चिकित्सकको पक्षधरता भन्न मिल्दैन। परिषद्ले पक्षधरताका आधारमा नभएर प्रमाणका आधारमा निर्णय लिन्छ। यसै पनि साढे ६ वर्षमा ६ हजारबढी चिकित्सक पलायन भइसकेका छन्। यस्तो वातावरणले चिकित्सकलाई स्वदेशमै सेवा गर्न निरूत्साहित गर्नेछ। उपभोक्ता अदालतले जेठ २९, असार ५ र असार १२ मा फैसला गर्दै अस्पताल र चिकित्सक दुबैलाई भारी जरिवाना तिराउने फैसला गर्यो।

त्यो फैसलाले धेरै चिकित्सकहरूको मनोबल गिराएको छ। सम्मानित अदालतले तर्कका आधारमा नभएर तथ्य र प्रमाणका आधारमा फैसला गर्छ भन्ने विश्वास हामीलाई पनि छ। तर सम्मानित उच्च अदालतको आदेशले मेडिकल काउन्सिलको जाँचबुझ प्रतिवेदनलाई नजरअन्दाज र चिकित्सकीय प्रकरणको छानबिनको रायलाई बेवास्ता गरी गरेको फैसलाले यो विश्वासलाई खण्डित गर्न पुगेको छ। उपचारमा लापर्बाही गरेको भन्दै ओम अस्पतालका चिकित्सकलाई ६ लाख ११ हजार जरिवाना तिराउने फैसला उपभोक्ता अदालतले गरेको छ।

यस्तै, ग्रान्डी सिटी क्लिनिक प्रकरणमा चिकित्सकलाई ४० लाख ३ हजार ३ सय रुपैयाँ जरिवाना तोकिएको छ। यस्तै, हिमाल अस्पतालका चिकित्सकलाई ४३ लाख ६३ हजार जरिवाना तिराउने फैसला अदालतले गरेको छ।

साभार : अनलाईन खबर।















प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday